'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १७८ शनिवार १० फागुन, २०८१ 22 (Saturday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## बाँकेका स्थानीय तहको प्रगति र भावी योजना बारे पत्रकार भेटघाट

सरला सुवेदी

बाँके, फागुन/०९




नेपाली कांग्रेस बाँकेले स्थानीय तहका हालसम्मका उपलब्धिहरू र आगामी योजनाबारे जानकारी दिन स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूसँग विशेष पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरेको छ । यस कार्यक्रममा स्थानीय तहहरूद्वारा भएका विकास योजनाहरूको समीक्षा गर्दै आगामी योजनाहरूबारे छलफल गरिएको थियो । नेपाली कांग्रेस बाँकेका सभापति नारायण प्रसाद गौडेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्थानीय तहका प्रतिनिधिहरूले आ-आफ्ना क्षेत्रका प्रगतिहरू पत्रकारहरूसँग साझा गरेका थिए । कार्यक्रममा बोल्दै सभापति गौडेलले राम्रो काम गर्ने स्थानीय प्रमुख तथा उपप्रमुखलाई भविष्यमा सम्मान गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै, स्थानीय निकायहरूले गरेका उल्लेखनीय कार्यहरू पत्रकारहरू माझ ल्याउने उद्देश्यले यो पत्रकार भेटघाटको आयोजना गरिएको बताउनुभयो । कोहलपुर नगरपालिकाका मेयर पूर्ण प्रसाद आचार्यले नगरपालिकाले शिक्षा सुधारमा विशेष ध्यान दिएको जानकारी गराउँदै, गुणस्तरीय शिक्षालाई मुख्य प्राथमिकता राखेर कार्य भइरहेको बताउनुभयो । कोहलपुर नगरलाई पर्यटनको हब बनाउन १३ करोड लागतमा जैविक पार्क निर्माण योजना अघि बढाइएको समेत उहाँले जानकारी दिनुभयो । साथै, नगरपालिकाले प्रत्येक वडामा ५ किलोमिटर पिच, २० किलोमिटर ग्राभेल सडक, ७ किलोमिटर पक्की नाला, र १५ किलोमिटर कच्ची नाला निर्माण गरेको उहाँले बताउनुभयो । उपमेयर संगीता पौडेलले सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासका लागि नगरपालिकाले दीर्घकालीन योजनाअन्तर्गत कार्य गरिरहेको बताउनुभयो । डुडुवा गाउँपालिका अध्यक्ष नरेन्द्र चौधरीले आफ्नो गाउँपालिकालाई नेपालकै सबैभन्दा ठूलो दुग्ध उत्पादन क्षेत्रका रूपमा विकास गर्ने योजना अघि बढाइएको बताउनुभयो । उहाँले २०७६ सालदेखि लागू गरिएको कन्या शिक्षा मुद्दती योजनाका बारेमा जानकारी दिंदै, जन्मेदेखि नै छोरीहरूको बैंक खातामा १० हजार रुपैयाँ जम्मा गर्ने व्यवस्था गरिएको बताउनुभयो । उक्त रकम एसईई परीक्षा उतीर्ण गरेपछि मात्र निकाल्न सकिनेछ । साथै, अभिभावक गुमाएका बालिकाहरूको शिक्षाका लागि ५ लाख रुपैयाँको बीमा सुविधा समेत उपलब्ध गराइएको जानकारी गराउनुभयो । उच्च शिक्षालाई प्रवर्द्धन गर्न हरेक वर्ष एसईई उतीर्ण छात्राहरूलाई साइकल वितरण गर्ने योजना पनि लागू गरिएको बताउनुभयो । यस्तै बैजनाथ गाउँपालिका अध्यक्ष प्रकाश बहादुर शाहीले आफ्नो गाउँपालिकाले "किसानसँग पालिका" कार्यक्रम सञ्चालन गरी कृषकहरूको सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा ध्यान केन्द्रित गरिरहेको बताउनुभयो । साथै, पत्रकारहरू लाई स्थानीय निकायका खोजमूलक समाचारहरू प्रकाशन गरी जनचेतना अभिवृद्धि गर्न आग्रह गर्नुभयो । राप्ती सोनारी गाउँपालिका अध्यक्ष तप्त पौडेलले स्वास्थ्य, शिक्षा, खेलकुद, कृषि, पशुपालन, महिला तथा बालबालिका, सडक पूर्वाधार, र विद्युत् सेवा विस्तारलाई प्राथमिकता दिइएको जानकारी गराउनुभयो । खजुरा गाउँपालिकाकी उपप्रमुख मन्जु मल्लले जनतालाई चुनावका समयमा दिएको प्रतिबद्धता अनुरूप कार्य भइरहेको बताउनुभयो । पत्रकार भेटघाट कार्यक्रममा बाँके जिल्लाका करिब तीन दर्जन पत्रकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूले आ-आफ्ना पालिकाहरूमा भएका विकास योजनाहरूका बारेमा जानकारी गराएका थिए ।

## नेपालगन्जमा नेपाली सेनाको 'तेस्रो रनिङ शिल्ड प्रतियोगिता' सुरु

नमस्ते समचारदाता

नेपालगन्ज, फागुन/०९



नेपाली सेनाको बज्रदल गणको आयोजनामा 'नेपाली सेना इम्प्यानल्ड स्कुल तेस्रो रनिङ शिल्ड प्रतियोगिता तथा सैनिक सामग्री प्रदर्शनी २०८१' शुक्रबार देखि नेपालगन्जको राँझामा सुरु भएको छ । कार्यक्रमको उद्घाटन बज्रदल गणका गणपति प्रमुख सेनानी रविन श्रेष्ठ, इम्प्यानल्ड स्कुल रनिङ शिल्ड प्रतियोगिता सञ्चालक समिति अन्तर्गत बाँके संयोजक किशन गुरुङ र बर्दिया संयोजक जीवन मल्लले संयुक्त रूपमा गर्नुभएको थियो । प्रतियोगितामा बाँके र बर्दिया जिल्लाका नेपाली सेनासँग इम्प्यानल्ड गरिएका विद्यालयमध्ये बाँकेबाट सात र बर्दियाबाट चार गरी कुल ११ विद्यालयका खेलाडी सहभागी छन् । प्रतियोगिता चार विधामा– छात्र फुटबल, छात्रा भलिबल, छात्र कबड्डी र छात्रा कबड्डी– सञ्चालन हुने प्रमुख सेनानी श्रेष्ठले जानकारी दिनुभयो । 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलाडी' भन्ने नाराका साथ आयोजित प्रतियोगिताले विद्यार्थीहरूमा अनुशासन, टिम भावना, शारीरिक तथा मानसिक विकासलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । साथै, प्रतियोगिताबाट उत्कृष्ट प्रतिभाहरू पहिचान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न मद्दत पुग्ने श्रेष्ठले बताउनुभयो । सेनाले शैक्षिक पहुँच र प्रभावकारिता अभिवृद्धि गर्न इम्प्यानल्ड विद्यालय अवधारणा लागू गरेको छ । नेपाली सेनाका बहालवाला तथा अवकाशप्राप्त सैनिकका सन्तानलाई कक्षा ४ देखि १२ सम्म अध्ययन सुविधा प्रदान गर्न सैनिक कल्याणकारी कोषले शैक्षिक वर्ष २०७६ देखि सहुलियत शुल्कमा अध्ययनको अवसर उपलब्ध गराउँदै आएको श्रेष्ठले जानकारी दिनुभयो । उद्घाटन समारोहमा बज्रदल गणका तर्फबाट खुकुरी ड्रिल प्रदर्शन गरिएको थियो भने सहभागी विद्यालयहरूले मार्चपास र सांस्कृतिक नृत्य प्रस्तुत गरेका थिए।प्रतियोगिता फागुन १२ गते समापन हुनेछ । समापनका अवसरमा उत्कृष्ट विद्यालय तथा खेलाडीलाई पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिनुका साथै सैनिक सामग्री प्रदर्शनीको समेत आयोजना गरिने छ । प्रतियोगितामा बाँकेका होप इन्टरनेशनल एकेडेमी, कोहलपुर वागेश्वरी इंग्लिस मिडियम स्कुल, बागेश्वरी एकेडेमी, तक्षशिला एकेडेमी, नमुना विद्या सदन इंग्लिस मिडियम स्कुल, दीपज्योति सेकेन्डरी स्कुल, ड्रिमल्याण्ड इंग्लिस मिडियम हाई स्कुल र बर्दियाका अरनिको इंग्लिस मिडियम स्कुल, कर्णाली इंग्लिस बोर्डिङ स्कुल, भेरी पब्लिक शिक्षालय प्रालि तथा पेट्रोलियम इंग्लिस मिडियम स्कुलका खेलाडी सहभागी रहेका छन् । बज्रदल गणले २०७९ सालदेखि नेपाली सेनासँग इम्प्यानल्ड विद्यालयहरूसँग समन्वय गरी रनिङ शिल्ड प्रतियोगिता आयोजना गर्दै आएको जनाएको छ ।

## जता फर्केर हेर्दा पनि देखिने काम प्रदेशकै हुन : मुख्यमन्त्री आचार्य

नमस्ते समचारदाता

अर्घाखाँची, फागुन/०९



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक बर्षको बजेटमा साना आयोजनालाइ कटौती गर्नेगरी बजेट निर्माण गर्ने बताउनु भएको छ । नेकपा एमालेले शितगंगा नगरपालिका -२ सितापुरमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले साना योजनालाई निरुत्साहित गर्दै बजेट निर्माण गर्ने तयारी सरकारले गरेको बताउनु भएको हो । साना आयोजनालाइ निरुत्साहित गर्नेगरी तयारी गर्दै छौंझउहाँले भन्नुभयो- 'उपलब्धि देखिने आयोजना सरकारको प्राथमिकतामा पर्छन ।' प्रदेश सरकारले मझौला खालका आयोजनालाइ सम्पन्न गर्नेगरी बजेटमा सम्बोधन गर्ने विश्वास दिलाउनु भयो । प्रदेश स्थापना भएपछि विकास निर्माणको कामले गति लिएको बताउदै उहाँले यी उपलब्धि देख्न नसक्नेहरुले गलत भास्य खडा गर्न खोजेको बताउनु भयो । 'संघीयताले विकासको ढोका खोलेको छ । देख्न, हेर्न र बुझ्न सक्नुहुन्छ' उहाँले भन्नुभयो 'म सप्रमाण भन्न सक्छु जता फर्केर हेर्दा पनि सञ्चालन भइरहेका आयोजना प्रदेशकै हुन । प्रदेशको काम छैन भनेर गलत भास्य खडा गरिदैछ । किमार्थ त्यस्तो होइन ।' शितगंगा नगरपालिका भूगोलको रुपमा ठुलो हुदा सेवा प्रवाहमा कठिनाइ भएको र समस्या समाधानका लागि सेवा केन्द्र स्थापनाका लागि पहल गर्ने बताउनु भयो । 'समस्यको बारेमा जानकारी छ । आशा भरोसालाइ सकेसम्म सम्बोधन गर्ने छौं' उहाँले भन्नुभयो-प्रदेश सरकारले हरेक क्षेत्रलाई सम्बोधन गरेको छ । यस्तै उहाँले राजनीतिक अस्थिरताले समस्या सृजना भएको र अहिले राजनीतिक स्थायित्व कायम भएकाले विकास निर्माणको कामले गति लिएको बताउनु भयो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

# विश्वकप ताकेर एसियाकप लक्ष्य

**हिमेश**



एउटा वुमेन्स साफ च्याम्पियनसिप जित्न सकेका छैनौं, के को ठूल्ठूला कुरा ? नेपालको महिला राष्ट्रिय फुटबल टिमले विश्वकप खेल्ने सपना बुन्यो भने यस्तै आरोप लाग्दो हो। हो पनि। होइन पनि। हो किन भन्दा हाम्रो पहुँचकै साफ च्याम्पियनसिपकै घेरा तोड्न सकिएको छैन, विश्वकप त परकै कुरा भयो। होइन किन भन्दा दक्षिण एसियाली महिला फुटबलको घेरा बाहिर गएर एक नजर लगाउनुपर्छ, विश्वकप नजिकै छुन सकिने खालको लाग्न सक्छ। 'सक्छौं हौ, सक्छौं,' नेपाली महिला फुटबलकी अहिलेसम्मकै सबैभन्दा ठूला स्टार सावित्रा भण्डारी कुरैपिच्छे भन्ने गर्छिन्। उनी युरोपमा व्यावसायिक फुटबल खेल्ने पहिलो खेलाडी भइन्। अचेल फ्रान्समा खेल्छिन्। उनलाई पछ्याएर एन्जिला सुब्बा पनि ग्रिस पुगेकी छन्। उनी त उल्टै प्रश्न गर्छिन्, 'किन नसक्नु हो हामीले ?' यसका लागि सबैभन्दा पहिला के बुझ्नुपर्छ भने अन्तर्राष्ट्रिय फुटबल समीकरणमा पुरुष र महिलाको खेल फरक छ, ठ्याक्कै फरक छ। यसलाई यसरी बुझाउन सकिन्छ। फिफाले महिला फुटबलको पनि वरीयता निकाल्ने गर्छ। यो वरीयतामा हामी छौं, १०३ औं स्थानमा छ। एक प्रकारले यो धेरै पछाडि नै हो। सन् २०२७ को महिला विश्वकप ब्राजिलमा हुनेछ र त्यसमा सहभागी हुने देशको संख्या हो, ३२। त्यसमध्ये एसियाबाट खेल्न पाउने भनेको छ टिमले मात्रै हो। यो त निकै कम संख्या हो, त्यसैले नेपालका लागि विश्वकप पहुँच बाहिरको लाग्न सक्छ। तर लक्ष्य विश्वकपकै समात्ने हो भने अरू थुप्रै सम्भावना खुल्नेछन्। अबको विश्वकपको एसियाली छनोट जुन-जुलाईमा हुँदै छ। यो विश्वकपको छनोट मात्र हुने छैन, एसियाकपको पनि छनोट हुनेछ। भनेपछि दुई ठूला प्रतियोगिताको छनोट एउटै। सन् २०२६ को एसियाकप भने अस्ट्रेलियामा हुनेछ। समय हो, मार्च। खासमा हामीले आफ्नो धरातलमै रहेर ताक्ने भनेको यही एसियाकप हो। यो एसियाकपमा भाग लिने टिमको संख्या हुनेछ, १२ मात्र। अझ त्यसमध्ये पनि चार टिम त छनोट पनि भइसकेका छन्। त्यसमध्ये एउटा आयोजक अस्ट्रेलिया भइहाल्यो। अर्को, सन् २०२२ को एसियाकप विजेता चीन। त्यही एसियाकपको उप-विजेता दक्षिण कोरिया र तेस्रो भएको जापानलाई पनि प्रतियोगितामा सिधै प्रवेश दिइएको छ। अब बाँकी आठ स्थानका लागि छनोट चल्नेछ। यसको 'ड्र' मार्चमा निस्कँदै छ। छनोटमा ३३ टिम हुनेछन्। तिनलाई आठ समूहमा विभाजन गरिनेछ। प्रत्येक समूह विजेताले एसियाकप खेल्नेछन्। नेपालले साँच्चै प्रयास गर्ने यसकै लागि हो। यसैको तयारीका रूपमा हुन लागेको 'फोर नेसन्सकप'। नेपाली फुटबलमा केही राम्रो भएन भन्ने हल्लाबीच केही राम्रो हुन लागेको छ भने यो यही प्रतियोगिता हो। नेपालले अहिलेसम्म महिला फुटबलको यस्तो प्रतियोगिता गरेकै छैन। त्यसैले पछि गएर यसको ऐतिहासिक महत्त्व हुने पनि पक्कापक्की नै छ। 'हामी आफ्नै मैदानमा यो प्रतियोगिता जित्न तयार छौं,' नेपाली महिला फुटबलकी सर्वाधिक लोकप्रिय खेलाडी प्रीति राईले उद्घोष गरिसकेकी छन्। नेपालसँगै यो प्रतियोगिता खेल्ने टिम हुन्- म्यानमार, किर्गिस्तान र लेवनान। ठ्याक्कै यही प्रतियोगितालाई लिएर भन्न मिल्छ, नेपाल फाइनल पुग्नेछ, यो निश्चित छ। निश्चित के मात्र छैन भने नेपालले यो प्रतियोगिता जित्ने छ। निश्चित जस्तै के पनि छ भने फाइनल पुग्ने दुई टिम नेपाल र म्यानमार नै हुन्। म्यानमार हाम्रोको तुलनामा बलियो छ, त्यसैले विजेतालाई लिएर दुविधामा रहने छुट हुन्छ। यस्तो किन त ? यसको पनि समीकरण बुझ्न आवश्यक हुन्छ। महिलाको एसियाली फुटबललाई सरसर्ती चार भागमा विभाजन गर्न सकिन्छ, वरीयताका आधारमा। एसियामा केही यस्ता देश छन्, जसको उपस्थिति विश्वस्तरकै छन्। फिफाको एसियाली वरीयतामा यी देश अगाडि नै छन्। जस्तोः जापान, उत्तर कोरिया, अस्ट्रेलिया, चीन र दक्षिण कोरिया नै। उनीहरू उच्च वर्गका टिम हुन्। यिनीहरूलाई छुनै गाह्रो हुने गर्छ। त्यसपछि दक्षिण पूर्वी एसियाका केही देशहरू आउने गर्छन्। जस्तैः भियतनाम, फिलिपिन्स, थाइल्यान्ड र म्यानमार नै। ताइपेयी र उज्वेकिस्तान पनि यही समूहमा पर्छन्। यसरी एसियाका शीर्ष ११ टिमको सूची तयार हुन्छ। यी देशसँग नेपालले आँट्न मिल्छ। त्यसपछि २० औं स्थानसम्म रहने टिमको समूह आउँछ। नेपाल यसमै छ। एसियाली वरीयतामा नेपाल २० औं स्थानमा छ। यत्ति त गब्बज नै सुनिन्छ नि, होइन र ? नेपाल अगाडि रहेका देश हुन्- इरान, भारत, जोर्डन, हङकङ, बहराइन, इन्डोनेसिया, ग्वाम र मलेसिया। यी यस्ता देश हुन्, जसलाई हामी मैदानमा पछार्न सक्छौं। त्यसमध्ये नेपालले इरानसँग एकपल्ट खेलेको छ र मज्जाले ३-० ले जितेको छ। भारतविरुद्धका पछिल्ला दुवै खेलमा जित नेपालकै रहेको छ। जोर्डनसँग पनि एकपल्ट खेलेका छौं र यो खेल त्यही वाफ च्याम्पियनसिपको फाइनल त हो। जितको निकै नजिक रहेर नेपाल टाइब्रेकरमा हारेको हो, नत्र निर्धारित समयको खेल बराबरीमै छुटेको थियो। हङकङविरुद्ध तीनपल्ट खेलेका छौं। सन् अस्सीकै दशकको अन्त्यतिर दुईपल्ट हारेपछि नेपालले हङकङलाई तेस्रो खेलमा गोलरहित बराबरीमा रोकेकै हो। बहराइनसँग नेपालले अहिलेसम्म खेलेको छैन। ग्वामसँग पनि खेल्ने अवसर जुटेको छैन। इन्डोनेसियाविरुद्ध पनि तीनपल्ट खेलेका छौं, त्यसमध्ये अन्तिम खेलमा जित नेपालकै पक्षमा रहेको थियो। मलेसियाविरुद्ध दुई खेल खेलेकामा एक बराबरी र एक हार रहेको छ। सार के भन्दा अलिकति मिहिनेत गर्ने हो भने नेपाललाई यी टिमविरुद्ध गाह्रो हुन्न, १९-२० कै टिम हुन्। अलिकति धेरै मिहिनेत गर्ने हो भने अझ माथि पनि ताक्न मिल्ने नै हो। त्यसपछिको सूची आउने कमजोर टिम हुन्। अब नेपालले खेल्न लागेको म्यानमारकै कुरा। नेपाली टिमका प्रशिक्षक राजेन्द्र तामाङ पनि मान्छन्, यो बलियो प्रतिद्वन्द्वी हो। म्यानमारले बरोबर खेल्ने भनेको तिनै भियतनाम, फिलिपिन्स र थाइल्यान्डसँग हो। भियतनाम त विश्वकप खेलिसकेकै टिम भयो। म्यानमारसँग नेपालले अहिलेसम्म चारपल्ट खेलेको छ। त्यसमध्ये सुरुको एउटा बराबरीमा टुंगेको थियो। बाँकी तीनमा भने नेपाल पराजित रहेको छ, तर स्कोर सम्मानजनक नै रहेको छ। त्यसैले, नेपालले फोर नेसन्सकपमा बडो ध्यानले खेल्नुपर्ने भनेकै म्यानमारसँग हो। यही खेलले हामी कहाँ छौं, त्यो पनि लगभग तय हुनेछ। घरेलु नेपाली महिला फुटबलमा लिग भर्खर सकिएको छ। लिगमा घोटिएका खेलाडी म्यानमारसँगको खेललाई लिएर उत्साहित पनि छन्। उनीहरू यही खेलकै प्रतीक्षामा छन्। अनि प्रतीक्षा त एसियाकप छनोटको पनि हुनेछ, जुन आफैंमा विश्वकप छनोट पनि हो। अचेल हाम्रा चेलीले ठूलै सपना बुनिरहेका छन्। *-कान्तिपुर*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

# निवृत्तिभरण अध्यादेश खारेजीको माग गर्दै शिक्षक आन्दोलित

नमस्ते समचारदाता

दाङ, फागुन/०९




नेपाल शिक्षक महासङ्घ दाङले निवृत्तिभरण अध्यादेशलाई खारेजी गर्नुपर्ने र निवृत्तभरण सुविधा निरन्तर हुनुपर्नेसहित विभिन्न माग गर्दै आन्दोलनमा उत्रिएका छन् । शुक्रबार घोराहीमा भेला भएर बजार परिक्रमा गर्दै शिक्षा विकास तथा समन्वय एकाइ दाङका प्रमुखलाई ३४ बुँदे ज्ञापन पत्र बुझाएको महासङ्घका अध्यक्ष युवराज बस्नेतलाई जानकारी दिनुभयो । उहाँले दाङसहित देशभरका शिक्षक महासंङ्ले आन्दोलनमा उत्रिएका जानकारी दिनुभयो । "हामीले विद्यालयको सम्पत्तिको संरक्षणदेखि शैक्षिक प्रशासनमा शिक्षकहरुको सहभागिता सुनिश्चितको माग गरिरहेका छौं", उहाँले भन्नुभयो, "शिक्षक अस्पतालसँगै शिक्षकहरुलाई ज्येष्ठताको आधारमा बढुवा हुनुपर्नेसहित ३४ बुँदे माग गरेका छौं ।" यस्तै उहाँले प्राथमिक तहमा कक्षागत र मथिल्लो तहमा विषयगत दरबन्दीको व्यवस्था गरिनुपर्ने बताउनुभयो । उहाँले यो आफूहरुको माग पूरा नहुँदासम्म आन्दोलन जारी राख्ने जानकारी दिनुभयो ।

# सुनौला हजार दिनका महिलालाई आयोडिनयुक्त नुन सहयोग

नमस्ते समचारदाता

हुम्ला, फागुन/०९



सुनौलो हजार दिनका महिलालाई आयोडिनयुक्त नुन सहयोग गरिएको छ । अंग्रेजी महिना फेब्रुअरीलाई आयोडिनयुक्त नुनको महिना मनाउने क्रममा ती महिलालाई नुन सहयोग गरिएको हो । आयोडिम महिना मनाउने क्रममा सुनौलो हजार दिनका महिलालाई आयोडिन युक्त एक केजी नुन सहयोग गरिएको सिमकोट गाउँपालिका-७ को डाँडाफया स्वास्थ्य चौकीका इन्चार्ज सन्तोस बोहराले बताए । जम्मा३४ जना गर्भवती र सुत्केरी महिनालाई नुन सहयोग गरिएको हो । यसमा १७ जना गर्भवती र १७ जना सुत्केरी आमालाई नुन सहयोग गरिएको हो । दिवस मनाउने क्रममा स्वास्थ्य चौकीले आयोडिनयुक्तनुनको ब्यवस्थापन आफै गरेको हो । दिवस मनाउने क्रममा सुनौलो हजार दिनका महिलालाई नुनको प्रयोग, फाईदा, उपभोगिता, नखादाका बेफाईदाका बारेमा पनि जानकारी गरिएको थियो ।

# सिमकोट–हिल्सा सडकमा ग्राभेल गर्ने कार्य तीव्र

नमस्ते समचारदाता

हुम्ला, फागुन/०९



हिमाली जिल्ला हुम्लाको सिमकोट-हिल्सा सडकमा ग्राभेल गर्ने कार्य धमाधम भइरहेको छ । सडक स्तरोन्नति सम्पन्न भएपछि ग्राभेल गर्ने कार्य भइरहेको हो । हिल्सा-सिमकोट सडक आयोजनाका योजना प्रमुख बेल बहादुर नेपालीले सिमकोट हिल्सा सडकको तीन स्थान चार स्थानमध्ये एउटा खण्डको सडकमा ग्राभेल गर्ने कार्यले तीव्रता पाएको बताए । सिमकोट हिल्सा सडक सडक ९५ किलोमिटर लम्बाइ छ । उनले स्तरोन्नति सम्पन्न भएपछि यतिबेला सडकमा ग्राभेल बिच्छ्याएर रोलर लगाउने कार्यले गति लिएको बताए । हाल ग्राभेल भई रहेको सिमकोट हिल्सा सडकको खण्डमा ताग्रु हेक्पा खोलादेखि हेक्पा खोला खण्डको सडक रहेको छ । यो खण्डको दश किमि सडकमा ग्राभेल गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । यसअघि सडक चौडा गर्ने, ग्याविन लगाउने, पल्म गाह्रो लगाउने कार्य सम्पन्न भएपछि सडकमा ग्राभेल गरिएको हो । आठ मिटर चौडा सडकमा बीस सेन्टिमिटर बाक्लो ग्राभेल भर्ने र त्यसमा रोलर चलाउने कार्य भएको उनले बताए । उक्त खण्डको सडकमा नाला भने निर्माण गरिएको छैन । हाल ग्राभेल भर्ने कार्य भएको सडकमा पानी हाल्नुपर्ने तर पानी टाढा भएको कारण टाढाबाट पानीको व्यवस्था गर्नुपरिरहेको छ । एक वर्ष अगाडि उक्त खण्डको सडक निर्माणका लागि दाप्चा आरएन जेभीले आयोजनासंग सम्झौता गरेको थियो । निर्माण कम्पनीले समयमै काम सम्पन्न गरेकाले अब अन्तिम भुक्तानीका लागि तयारी भइरहेको छ । निर्माण कम्पनीका स्थानीय प्रतिनिधि सरोज रावतले निर्माण जिम्मा पाएको सडकमध्ये धारापोरीको ठाडा ढुङ्गामा गत असोजमा सुख्खा पहिरो खसेर एक महिना काममा बाधा पुर्याएको भएपनि समय मै काम सम्पन्न हुने बताए । निर्माण भएको सडकमा ग्राभेल भरेपछि सडकको स्वरुप नै फरक देखिन थालेको छ भने यातायात साधन पनि सहज रुपमा गुड्न थालेका छन् । यसका लागि आयोजनाले पाँच करोड ९८ लाख दश हजार ५०७ रुपियाँ लागत लाग्ने गरी सम्झौता गरेको थियो । यता, आगामी असारसम्म सिमकोट हिल्सा सडककै ताग्रु खोलादेखि याल्वाङ चौर र याल्वाङदेखि इलिङसम्मको सडकलाई पनि ग्राभेल गर्नुपर्नेछ । ती दुई खण्डको सडकमा सडक चौडा गर्ने, ग्याविन लगाउने, नाला निर्माण र प्लम्प गाह्रो लगाउने कार्य धमाधम भई रहेको छ । यसको लम्बाई साँढे २६ किलोमिटर छ ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यूरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# युवा प्रतिनिधित्व सुनिश्चितताको माग

■ नमस्ते समचारदाता
कालीकोट, फागुन/०९



युवाको पहुँच, पहिचान र प्रतिनिधित्व सुनिश्चितको मागसहित आयोजित जिल्ला स्तरीय तेस्रो युवा भेलाले १५ बुँदे कालीकोट घोषणापत्र जारी गरेको छ । 'सिर्जनशील तथा उद्यमशील किशोरकिशोरी राष्ट्र परिवर्तनका संवाहक' भन्ने नारासहित मङ्गलबारदेखि सुरु भएको युवा भेलाले नयाँ नेतृत्वसहित युवाका सवालमा घोषणापत्र जारी गर्दै सम्पन्न भएको हो । भेलाले जलवायु परिवर्तनले परम्परागत रैथाने बालीमा प्रतिकूल असर गरेको ठहर गर्दै जलवायु परिवर्तनका असरसँग जुध्न वातावरणमैत्री, नीति निर्माण गरी हरित विद्यालय, हरित सडक र हरित गाउँको अवधारणामा काम गर्न अभियान सञ्चालन गर्ने भएको छ । कालीकोटका युवालाई उद्यमशीलतामा जोड्न एक गाउँ एक उत्पादन, विपत् व्यवस्थापन, स्थानीय तहका सबै संरचनामा युवाको अनिवार्य सहभागिता हुनुपर्ने, विकास निर्माणमा युवालाई कामदारका रूपमा मात्र नभएर नेतृत्वकर्ताका रूपमा जिम्मेवारी दिनुपर्ने माग गरिएको छ । सबै स्थानीय तहमा युवासम्बन्धी नीति, निर्देशिका, कार्यविधि तयार गरी बजेट र कार्यक्रम तय गर्नुपर्ने, युवा सञ्जालको गठन गरी क्षमता विकास र सिपमूलक तालिमको व्यवस्था हुनुपर्नेलगायतका विषय घोषणापत्रमा समेटिएका छन् । युवा भेलामा कांग्रेस, एमाले, माओवादी केन्द्रका प्रतिनिधिले युवाका लागि आआफ्नो दलको घोषणापत्रमा उल्लेख भएका विषयबारे चर्चा गरेका थिए भने स्थानीय तहका प्रमुख तथा उपप्रमुखले आयआर्जनमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । स्वदेशमै रोजगारी, गुणस्तरीय शिक्षा, अर्थपूर्ण सहभागिता कालीकोटका युवाले मुख्य सवालका रूपमा छनोट गरेका छन् । परिवर्तनमा युवाको अगुवाइ महत्वपूर्ण रहेकाले समाजमा व्याप्त हानिकारक प्रथा बालविवाह, बहुविवाह, जातीय तथा लैङ्गिक विभेद, लागुऔषध दुर्व्यसनविरुद्ध अभियान चलाउने पनि घोषणापत्रमा समेटिएको छ । भेलामा जिल्लाका नौ वटै स्थानीय तहका ४५ जना युवा सहभागी थिए । भेलाले रास्कोटकी सत्य उपाध्यायको अध्यक्षतामा १५ सदस्यीय जिल्ला युवा सञ्जाल पनि गठन गरेको छ । युवाका सवालमा काम गर्न तीन वटै तहका सरकारको ध्यानाकर्षणसहित कालीकोट घोषणापत्र जारी गरेको पत्रकार तथा किर्डाक नेपालका जिल्ला संयोजक तुलाराम पाण्डेले बताउनुभयो ।

# प्रकोप व्यवस्थापन सञ्जालको प्रदेश अध्यक्षमा ढुङ्गाना



■ नमस्ते समचारदाता
धनगढी, फागुन/०९

सामुदायिक प्रकोप व्यवस्थापन समिति राष्ट्रिय सञ्जाल सुदूरपश्चिम प्रदेशको अध्यक्षमा कैलालीका भोजराज ढुङ्गाना सर्वसम्मत निर्वाचित हुनुभएको छ । धनगढीमा भएको सञ्जालको प्रदेश स्तरीय अधिवेसनले उहाँको नेतृत्वमा १५ सदस्यीय प्रदेश कमिटी चयन गरेको हो । समितिको उपाध्यक्षमा बसन्ती सुनार, सचिवमा दीपकराज जोशी, सहसचिवमा यशोदा मल्ल र कोषाध्यक्षमा कृष्णा चौधरी चयन हुनुभएको छ । यस्तै, सदस्यमा महावीर चौधरी, सुनिता राना, मनीषा चौधरी, उषा महर, सम्झना थापा, चेतना जोशी, राधा धामी, पुष्पा भण्डारी र खुशीराम राना चयन भएका जनाइएको छ । सञ्जालको दुई दिनसम्म धनगढीमा चलेको अधिवेसनले हिजो बेलुका सर्वसम्मतले कार्य समिति चयन गरेको थियो ।

# सडक स्तरोन्नति नहुँदा बढ्यो जोखिम

■ नमस्ते समचारदाता
कालीकोट, फागुन/०९



कालीकोट जिल्लाको सदरमुकाम मान्म बजारको मुख्य सडकको अवस्था दिनप्रतिदिन जीर्ण बन्दै गएको छ । स्थानीयको अवरोधका कारण मुख्य बजारको सडक जीर्ण बन्दै गएको हो । बजारको अन्य क्षेत्रका सडक आरसिसी भएर बजार क्षेत्र सफा देखिए पनि कृषि विकास कार्यालय सडकखण्ड जोखिमयुक्त बन्दै गएको छ । कृषि विकास कार्यालयको पूर्वडाँडादेखि नगरपालिका कार्यालयसम्मको झन्डै तीन समय मिटर सडक आरसिसी नहुँदा यहाँ वर्षाको समयमा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने गरेको छ। सडकको दक्षिणतर्फका जग्गाधनीले सडकको स्तरोन्नतिमा सुरुमा अवरोध गरेपछि सरोकारवाला निकाय रुष्ट हुँदा यो सडकमा जोखिम बढ्दै गएको हो । स्थानीय राज बहादुर बमले जग्गाधनीसँगको छलफलपछि एक वर्षअघि सडक मर्मतमा अवरोध नगर्ने कागज बनेको र बजेट व्यवस्थापन भएर काम गराउन खोज्दा स्थानीयले अवरोध गरेपछि सडक स्तरोन्नति हुन नसकेको बताउनुभयो । सघन सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय जुम्लाका इन्जिनियर चन्द्र खड्काले यो वर्ष बजेट कालीकोट सदरमुकामको नगरपालिका भनेर एक करोड बजेट आएको जानकारी दिनुभयो तर नगरपालिकाले सदरमुकामभन्दा अन्य क्षेत्रका लागि भनेर कार्यपालिकामार्फत निर्णय गरेकाले सडक मर्मत सुधारमा बजेट नभएको उहाँको भनाइ छ । विवाद मिलाउनुहोस् भनिएपछि नमिलेकाले स्रोतको व्यवस्थापन हुन नसकेको उहाँले बताउनुभयो । कृषि विकास कार्यालयका प्रमुख चन्द्र बहादुर शाहीले सडक मर्मत नभएकै कारण चारैतिरको पानी त्यही जम्मा भएर कार्यालय क्षेत्र नै जोखिममा परेको बताउनुभयो । खाँडाचक्र नगरपालिकाका सबइन्जिनियर कम्मर बहादुर बमका अनुसार यसै सडकका कारणले कृषि विकास कार्यालय, प्रहरी गणसहित स्थानीयका घर र बिपी स्मृति भवनसमेत जोखिममा रहेका छन् । दायाँबायाँको क्षेत्र आरसिसी भएकाले दुवैतिरको पानी तलतिर रहेको कच्ची सडकमा जम्मा हुने भएकाले जमिन भासिँदै गएको छ । सघन सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय जुम्लाले भने यो वर्ष बजेट नभएकाले केही गर्न नसकिने जनाएको छ ।

# अटोरिक्साको ठक्करबाट घाइते महिलाको उपचारको क्रममा मृत्यु

■ नमस्ते समचारदाता
अछाम, फागुन/०९

अटोरिक्साको ठक्करबाट घाइते भएकी महिलाको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको छ । साँफेबगर नगरपालिका -७ रिडिकोट निवासी ५५ वर्षीया जनक शाहको वयलपाटा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । पुष्पलाल (मध्यपहाडी) सडकअन्तर्गत साँफेबगर-मङ्गलसेन सडक खण्डको रिडिकोट नजिक सडक पार गरिरहेको अवस्थामा शाहलाई अटोरिक्साले ठक्कर दिएर घाइते हुनुभएको थियो। घाइते भए लगत्तै शाहलाई नजिकै रहेको वयलपाटा अस्पतालमा पुऱ्याइए पनि उपचारको क्रममा निधन भएको अछाम प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक ईश्वरी प्रसाद भण्डारीले जानकारी दिनुभयो । सुदूरपश्चिम प्रदेश ०१-००१ ह ६४२३ नम्बरको अटोरिक्साले शाहलाई ठक्कर दिएको बताइएको छ । ठक्कर दिने अटोरिक्सा र चालक बान्नीगढी जयगढ गाउँपालिका-४ तिमिल्सैनका विशाल बोहरालाई प्रहरीले नियन्त्रणमा लिइएको अछाम प्रहरीले जानकारी दिएको छ । घटनाको बारेमा थप अनुसन्धान भइरहेको अछाम प्रहरी प्रमुख प्रहरी भण्डारीको भनाइ छ ।

## लुम्बिनी कप :
# नेपालगन्ज रंगशालामा तयारी पूरा

■ नमस्ते समचारदाता
नेपालगन्ज, फागुन/०९

फागुन १९ गतेदेखि नेपालगन्ज रङ्गशालामा हुने अन्तर्राष्ट्रिय आमन्त्रण लुम्बिनी कप महिला फुटबल प्रतियोगिताका लागि रङ्गशालाको मर्मतसम्भार र सरसफाइ गरेर तयार पारिएको छ । प्रतियोगिताको अन्य तयारीसँगै रङ्गशालाको सरसफाइदेखि सामान्य मर्मतसम्भार र मैदानलाई तयार गर्ने कार्य पूरा गरिएको प्रतियोगिता आयोजक अन्तरालका प्रमुख कार्यकारी जयनारायण शाहले बताउनुभयो । प्रमुख कार्यकारी शाहका अनुसार प्रतियोगिताका लागि रङ्गशालाको प्याराफिटको मर्मत सम्भार, रङ्गरोगन, विद्युतीकरणमा सुधार, सरसफाइ लगायतका कामलाई तिव्रता दिइएको छ । बाँके जिल्ला फुटबल सङ्घको सहकार्यमा अन्तरालले आयोजना गर्ने लुम्बिनी कप महिला फुटबल प्रतियोगितामा नेपाल र भारतका गरी आठ टीमको सहभागिता हुनेछ । लामो समयपछि रङ्गशालामा कुनै ठुलो प्रतियोगिता हुन लागेकोले स्थानीय फुटबल खेलाडीमा अत्यधिक उत्साह देखिएको एन्फा बाँकेका अध्यक्ष भोजराज शाहीले बताउनुभयो । उहाँले आठौं राष्ट्रिय खेलकुदका लागि नेपालगन्ज रङ्गशालामा करोडौं लगानी गरेर पूर्वाधार निर्माण गरिए पनि प्रतियोगिता र प्रशिक्षण नहुँदा पूर्वाधार जिर्ण बन्दै गएको बेला हुन लागेको प्रतियोगिताले खेल पूर्वाधारको प्रयोग पनि हुने बताउनुभयो ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके


नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके